८

*अस्मिता*मा नेपाली उदारवादी महिला आन्दोलन

वन्दना ढकाल

परिचय

नेपाली पत्रकारितामा महिलाकेन्द्रित भएर लामो समयसम्म प्रकाशित *अस्मिता* म्यागेजिनले नेपालको नारीवादी आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेलेको छ । यो लेख *अस्मिता*ले वहन गरेको नारीवादी धारको निर्क्यौलमा केन्द्रित छ । यो लेखमा प्रजातन्त्रको आगमनपछि *अस्मिता* पत्रिकाले के-कस्ता विषयवस्तुका माध्यमबाट उदारवादी नारीवादलाई पस्कियो भन्ने खोजी गरिएको छ ।

महिलाको कानुनी र राजनीतिक अधिकारका लागि संघर्ष गर्ने नारीवाद उदारवादी नारीवाद हो । समाजको संरचना जस्तो छ त्यसैको परिधिमा रहेर लैंगिक समानताका लागि लड्ने काम यसले गर्दछ । अन्य देशमा चलेको नारीवादी आन्दोलन नेपाली समाज, संस्कृति र सन्दर्भअनुसार हुबहु मेल खान सक्दैन । चरम पुँजीवादको विकास भएको मुलुकको नारीवादी आन्दोलनको स्वरूप र पुरुषप्रधान सामन्ती व्यवस्था भएको नेपाली समाजको नारीवादी आन्दोलनको स्वरूप नै फरक हुन्छ । तर, केही आधारभूत मान्यता सबै देशमा समान हुन्छन् । त्यही समानताअन्तर्गतको कानुनी अधिकार प्राप्तिको संघर्षमा *अस्मिता*ले गरेको कानुनी लडाइँको स्वरूप खुट्ट्याउने काम यो लेखमा गरिएको छ । र, यसले

उठान गरेका महिला उत्पीडनका मुद्दामध्ये सांस्कृतिक उत्पीडनका विभिन्न विषयलाई केलाउने काम लेखमा गरिएको छ ।

*अस्मिता*बारे विभिन्न अध्ययन-अनुसन्धान भएका छन् ।[१] *अस्मिता*कै सम्पादन समूहकी सदस्य मञ्जु थापाले अंक ६५ (२०६५) मा छपाएको 'नेपाली महिला आन्दोलनमा *अस्मिता*' शीर्षकको लेखमा नेपाली महिला आन्दोलनभित्र *अस्मिता*को भूमिकाबारे विस्तृत चर्चा गरिएको छ । जसमा *अस्मिता* प्रकाशनको कथादेखि विषयवस्तु उत्पादन, महिला आन्दोलनमा *अस्मिता*को भूमिका र आर्थिक पाटाहरू पनि केलाइएको छ । पूर्ण बस्नेत र मञ्जु थापाका लेखमा *अस्मिता*को सञ्चालन, प्रकाशन, बिक्री/वितरणजस्ता विषयवस्तु समेटिएका छन् तर ती अध्ययनहरूमा *अस्मिता*मा रहेको नेपालको उदारवादी नारी आन्दोलनको विस्तृतीकरण हुन सकेको छैन । अथवा *अस्मिता*ले प्रतिनिधित्व गरिरहेको उदारवादी नारीवादी धारमा मात्रै केन्द्रित भएर कुनै पनि अध्ययन-अनुसन्धानले महत्त्व दिएको छैन ।

महिलाको परिस्थितिको निर्धारक भनेर समाज, राजनीति र संस्कृतिलाई मान्न सकिन्छ । यही समाज, राजनीति र संस्कृतिको केन्द्रमा रहेर *अस्मिता*ले पत्रकारिताको यात्रालाई अगाडि बढाएको थियो । यही सेरोफेरोमा पत्रिकाको उदारवादी नारीवादको यात्रालाई तय गरिएको छ । यस लेखलाई पाँच खण्डमा बाँडिएको छ । पहिलो खण्डमा परिचय रहेको छ । दोस्रो खण्डमा नेपालमा उदारवादी नारीवादी आन्दोलन र त्यसअन्तर्गत *अस्मिता*को जीवन-यात्राबारे चर्चा गरिएको छ । तेस्रो खण्डमा कानुनी अधिकारको लडाइँ छ । यसलाई सम्पत्तिमाथि महिलाको समान अधिकार र गर्भपतनको कानुनी मान्यता गरेर दुई उपशीर्षकमा बाँडिएको छ । चौथो खण्डमा सांस्कृतिक उत्पीडनको सन्दर्भ रहेको छ र अन्त्यमा निष्कर्ष छ ।

नेपालमा उदारवादी नारीवादी आन्दोलन

नेपालमा महिला जागरणको सुरुआतलाई उदारवादी नारीवादको संकेत मान्न सकिन्छ । नेपालका नारीवादी आन्दोलनहरू राजनीतिक आन्दोलनको सेरोफेरोसँगै गाँसिएर अगाडि बढेको पाइन्छ । अनुसन्धानकर्ता मीना आचार्यले नेपालको महिला आन्दोलनलाई राजनीतिक परिवर्तनका आधारमा प्रारम्भदेखि वि.सं. २००७, वि.सं. २००७ देखि २०१७, वि.सं. २०१७ देखि २०४६, वि.सं. २०४७ देखि २०६२–०६३ र वि.सं. २०६२–०६३ देखि २०६९ सम्मको अवधि गरेर पाँच चरणमा बाँडेकी

---

[१] *अस्मिता*लगायत अन्य वैकल्पिक पत्रिकाहरू कसरी, के कारणले प्रकाशित भए, कसरी चले/चलेका छन् भन्नेबारे हेर्नुहोस् यसै पुस्तकको परिच्छेद ७ ।

छन् (आचार्य २०६८) । सांगठनिक हिसाबले वि.सं १९७४ मा 'महिला समिति'को स्थापना भयो (तुम्बाहाङ्फे २०५९ : २४) । यो समितिको उद्देश्य महिलाको शिक्षाहीनताको अवस्थालाई अन्त्य गरी जागरण ल्याउनु थियो । यसले देशव्यापी शाखा विस्तारको योजनालाई अगाडि बढाएर महिलाले टाउको छोप्ने घाँघर प्रथाविरुद्ध आन्दोलन गरेको थियो । सांगठनिक रूपमा गरेको यो आन्दोलनका साथै भोजपुरमा आध्यात्मिक पहिचानसहित योगमायाले तत्कालीन राज्यव्यवस्थाविरुद्ध गरेको आन्दोलन पनि स्मरणीय छ । सामाजिक सुधारका लागि योगमायाको अगुवाइमा ठूलो समूहले गरेको विद्रोहलाई प्रथम सामाजिक आन्दोलन मान्न सकिन्छ (भण्डारी २०५७ : ३४–३९) । 'महिला समिति'को महिला शिक्षाका लागि प्रयत्न, महिलाको व्यक्तिगत स्वतन्त्रता (टाउको छोप्ने प्रथा विरुद्ध) को अभियान र योगमायाको समूहले राज्यसमक्ष राखेका विभिन्न मागको प्रकृति हेर्दा नेपालमा उदारवादी नारीवादी अभियानको सुरुआत सोही समयबाट भएको मान्न सकिन्छ । वि.सं २००७ मा प्रजातन्त्र प्राप्तिका लागि पनि विभिन्न महिला संगठनहरूले राजनीतिक आन्दोलनसँग एकाकार भएर आन्दोलनमा भाग लिएका थिए । परिवर्तन पछि पनि महिला संगठनले मन्त्रिमण्डल र सरकारी क्षेत्रमा महिलाको अनिवार्य सहभागिताका लागि सरकारसमक्ष मागपत्र पेस गरेका थिए (तुम्बाहाङ्फे २०५९ : ५४) । "वि.सं २००७-२०१७ को अर्को उल्लेखनीय उपलब्धि भनेको पद्मकन्या कलेजको स्थापना थियो, जुन नेपालकै पहिलो महिला कलेज थियो, यसले छात्राहरूलाई उच्चशिक्षाको बाटो खोलिदियो" (आचार्य २०६८ : ३) ।

खुला रूपमा आन्दोलन गर्ने महिला संघ-संगठनहरू वि.सं. २०१७ को राजा महेन्द्रको 'कू'पश्चात् प्रतिबन्धित हुन पुगे । त्यसपछि केही स्थापित संगठनहरू भूमिगत भए भने केही निष्क्रिय भए । कतिपय महिला कार्यकर्ताहरू राज्यद्वारा गठित नेपाल महिला संगठनमा सहभागी भएर काम गर्न थाले (आचार्य २०६८ : ३) । राजनीतिक दलहरू प्रतिबन्धित भए पनि पञ्चायती सरकारको वर्गीय संगठन नेपाल महिला संगठनका कार्यक्रमहरू साक्षरता, कानुनी सहायता सेवा, सीप विकास र परिवार नियोजन आदि सञ्चालित थिए । यस अवधारणाले महिलालाई अधिकार पाउनुपर्ने समूहका रूपमा होइन, बरु विकास गरिनुपर्ने अविकसित जनसंख्याको रूपमा चित्रण गर्नुपर्ने प्रकृयालाई सघाउँछ (तामाङ सन् २००४ : ५४१) । पञ्चायत कालमा सुरु गरिएको परियोजना पनि अन्तर्राष्ट्रिय उदारवादी नारीवादकै प्रभावबाट सञ्चालित थिए । यस बीचमा विभिन्न राजनीतिक संगठनअन्तर्गतका महिला संगठनले राजनीतिक उद्देश्य प्राप्तिसँग जोडेर नै महिला आन्दोलनलाई अगाडि बढाएका थिए ।

वि.सं. २०४७ को राजनीतिक परिवर्तनपछि उदारवादी नारीवादी आन्दोलनले गति लिएको हो । वि.सं. २०४७ को राजनीतिक परिवर्तनपछि मात्र शिक्षा, रोजगारी र सेवामुखी क्षेत्रमा महिलाको सहभागिता बढेको हो । आर्थिक उदारीकरणका कारण साना तथा ठूला व्यावसायिक क्षेत्रमा पनि महिलाहरूको सहभागितामा वृद्धि भयो; राजनीतिक क्रियाशीलता पनि बढ्न थाल्यो । वि.सं. २०४६ पछि परम्परागत सामन्ती आर्थिक-सामाजिक सम्बन्ध तीव्र रूपले टुट्दै गएको र महिलाहरू पनि पुँजीवादी श्रम बजारमा बढ्दो मात्रामा धकेलिँदै गएकाले महिलाहरूको समान अधिकारको नाराका निम्ति वस्तुगत आधार तयार हुँदै गइरहेको थियो (भट्टराई २०६३[२०५३] : २६३) । समाजमा विद्यमान उत्पादन प्रणालीको परिवर्तनका कारण पनि महिलाहरूको भूमिकामा परिवर्तन भइरहेको थियो । जसले गर्दा महिलाहरूले विभिन्न आवश्यकता पूरा गर्न घर बाहिरको संसारमा पाइला हाल्ने क्रम बढ्यो । महिलाहरूले घरबाहिरका काम पनि दक्षतापूर्वक गर्न सक्छन् भन्ने मान्यताले बढावा पायो र शिक्षित मध्यम वर्गीय तहले उदारवादी नारीवादी आन्दोलनको विकासका लागि अझ बढी महत्त्वपूर्ण भूमिका खेल्यो । साथसाथै वि.सं. २०४७ भन्दा पहिले महिला आन्दोलनलाई राजनीतिक उद्देश्यप्राप्तिसँग जोडेर आन्दोलनमा होमिएका पार्टीका वर्गीय संगठनहरूले पनि महिला सशक्तीकरणमा जोड दिन थाले । यसको परिणाम उदारवादी नारीवादी आन्दोलनको तीव्रता नै हो । नीति-निर्माण तहमा महिलाका लागि आरक्षण, कानुनी तहबाटै सम्पत्तिमा महिलाको समान अधिकारको सुनिश्चितता, प्रजनन अधिकारको स्वतन्त्रता, महिला सशक्तीकरणजस्ता माग वि.सं. २०४७ पछि निकै गुञ्जिएका छन् । यस्ता मागहरूलाई गैरसरकारी संस्थाहरूले पनि अगाडि बढाएका थिए ।

अस्मिताको जीवन यात्रा

सुसन मास्के र अन्जु क्षेत्रीले २०४४ कात्तिकदेखि तयारी गरेर २०४५ वैशाखमा *अस्मिता*को पहिलो अंक प्रकाशनमा ल्याएका हुन् । *अस्मिता* सुरु हुँदा नेपालमा महिलाकेन्द्रित भारतीय पत्रिका पढिन्थे । *वामा*, *मनोरमा*, *गृहशोभा* र *सरिता*जस्ता हिन्दी महिला पत्रिका पढ्ने नेपाली महिला पाठकहरूको ध्यान तान्न *अस्मिता*मा दिने सामग्रीको ठम्याइका निम्ति साहित्यकार, लेखक तथा बुद्धिजीवीहरूसित उनीहरूको भेटघाटको सिलसिला सुरु भयो (सुसन/अन्जु २०५१ : ५४–५७) । पारिजातसँगको निरन्तर भेटघाट, अन्तर्क्रिया र उनलाई दिइएको नियमित स्तम्भ 'मेरो भागमा परेको अस्मिता' पनि पत्रिकालाई पृथक बनाउने अभियानका रूपमा लिन सकिन्छ । प्रविधिले उच्च रहेका भारतीय पत्रिकासँग प्रतिस्पर्धा गर्न अनुभवविना

नै प्रकाशन गर्नु चानचुने कुरो थिएन । यस्तो परिवेशमा नेपाली शिक्षित महिलाको जनजीवनलाई झल्काउने खालका सामग्री लिएर *अस्मिता* प्रकाशन भयो । पारिजात र मीना आचार्यजस्ता नारीवादी लेखकहरूको संगतका साथसाथै हिन्दी पत्रिकाबाट केही प्रभावित हुँदै *अस्मिता*को पहिलो अंक प्रकाशन भयो । अंक १२ (२०४८ वैशाख–जेठ) सम्म निरन्तर भएर त्यसपछि एक वर्ष जति यसको प्रकाशन स्थगित भयो । एक वर्षको स्थगनपछि *अस्मिताको* १३ अंक (२०४९ वैशाख) ले 'लिंगगत रूपले स्त्रीलाई हेय तुल्याउने ती सम्पूर्ण आधारहरूलाई चुनौती दिन *अस्मिता*ले समानान्तर सञ्चारका रूपमा आफ्नो दायित्वलाई हेरेको छ' भन्ने घोषणा गर्न पुग्यो (अस्मिता २०४९ : ५) । यसैअनुरूप *अस्मिता*ले कानुनी, राजनीतिक, सांस्कृतिक, प्रजननलगायतका क्षेत्रमा महिला अधिकारबारे आवाज बुलन्द पारेको थियो । दुई जनाको उत्साहस्वरूप निस्केको पत्रिकाको आर्थिक पक्ष सबल थिएन । २० हजार रूपैयाँ लगानी गरेर निजी कम्पनीको रूपमा सुरु भएको अस्मिता प्रकाशन प्रालि वि.सं. २०५८ देखि अस्मिता प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था नामक गैरसरकारी संस्थाका रूपमा अगाडि आयो (बस्नेत २०६० : २८) । ६५ अंकसम्म प्रकाशित भएर वि.सं. २०५८ मा बन्द भएको *अस्मिता* २०६५ कात्तिकमा फेरि पाठकसामु आएको थियो । वि.सं. २०४५ देखि २०६६ सम्म सबै गरेर *अस्मिता*का ६९ अंक प्रकाशित छन् । वि.सं. २०६६ देखि *अस्मिता* प्रकाशन भएको छैन । *अस्मिता*का २८ ओटा विशेषांक प्रकाशन भएका छन् । नारीवाद, महिला विकास, धर्मसंस्कृति, प्रजनन, राजनीति र महिला, रजत अंक, साहित्य, निर्वाचन, युवा, सम्पत्तिमा समान अधिकारलगायतका महिलासम्बन्धी अन्य विशेषांक प्रकाशन भएका छन् । यी विशेषांकहरूको विविधताबाट पनि *अस्मिता*ले नेपाली महिलामा जागरणको लहर ल्याउनका लागि पहल गरेको कुरा स्पष्ट हुन्छ ।

कानुनी अधिकारको लडाइँ

सम्पत्तिमा महिलाको समान अधिकार

राजनीतिक दल, नागरिक र सरकारका योजना, भनाइ, कार्यक्रम र मागलाई निश्चित समुदायसम्म पुऱ्याउने भरपर्दो र प्रभावकारी माध्यम सञ्चार हो । *अस्मिता*ले राजनीतिभन्दा पर रहेर कानुनी मुद्दाबाट महिला अधिकारको यात्रा थालनी गऱ्यो । पत्रिकाले विचारशील महिलाको जमात खडा गर्न सामाजिक, प्रशासनिक र कानुनी क्षेत्रमा हैसियत बनाइसकेका महिलामार्फत देशको नियम-कानुन पनि महिलाका लागि अनुकूल र भेदभावरहित हुनुपर्छ भन्ने विचारको प्रसार गर्न थाल्यो । पहिलो अंक (२०४५) मा बीना प्रधान र सिलु सिंहसँग महिला

अधिकारबारे लिइएको अन्तर्वार्तालाई यसैको प्रमाण मान्न सकिन्छ । यस अन्तर्वार्तामा महिलाको विकास नभएसम्म देशको विकास हुन नसक्ने, पुरुषको भन्दा बढी महिलाको आय हुँदा पनि त्यसको गणना नहुने, पैतृक सम्पत्तिमा महिलाको अधिकार हुनुपर्ने (प्रधान र सिंह २०४५ : ४६) मा जोड दिइएको छ । नेपालको समाजले महिलालाई संरक्षण गरिनुपर्ने परनिर्भर वस्तुका तहमा व्यवहार गरेको छ । महिलालाई आर्थिक स्वामित्व प्रदान नगरिनु नै यसको प्रमाण हो । बाबु, श्रीमान् र छोराको आश्रयमा रहने व्यक्तिलाई आर्थिक आधारको आवश्यकता पर्दैन भन्नु महिलालाई सम्पत्तिको अधिकारबाट वञ्चित गरेर परनिर्भर बनाइरहने गलत धारणा हो । यही धारणाविरुद्ध *अस्मिता*ले न्यायाधीश सत्यभामा माथेमा, कानुन व्यवसायी सपना मल्ल, अधिवक्ता इन्दिरा राणा आदिसँगका अन्तर्वार्ता र यसबारेका लेख प्रकाशन गरेको छ । *अस्मिता* आरम्भदेखि सम्पत्तिमा समान अधिकारबारे योजनाबद्ध हिसाबले सक्रिय रहेको स्पष्ट हुन्छ ।

*अस्मिता*मा सम्पत्तिमाथि महिलाको अधिकार सबैभन्दा महत्त्वपूर्ण र धेरै समय चलेको मुद्दा हो । पत्रिकाको उद्देश्य चाहिँ पैतृक सम्पत्तिमा महिलाको समान अधिकार मात्रै नभएर सबै खालका सम्पत्तिमा महिलाको समान अधिकार भन्ने रहेको छ । महिलाले ३५ वर्षसम्म अविवाहित रहेमा मात्र पैतृक सम्पत्ति पाउने, ३५ वर्षपछि सम्पत्ति पाएर विवाह गरेमा सो सम्पत्ति माइतीलाई नै फिर्ता गर्नुपर्ने भन्ने अपमानजनक कानुन थियो । परिणामतः महिलालाई कमजोर, परनिर्भर मानसिकता र पुरुषलाई श्रेष्ठ ठान्नका लागि बाध्य बनाएको थियो । पहिलो अंकमा *अस्मिता*का सम्पादकहरूले लिएको अन्तर्वार्तामा बीना प्रधान र सिलु सिंहले पैतृक सम्पत्तिमा मात्र होइन, सबै खालका सम्पत्तिमा पुरुषसरह नै महिलाको अधिकार हुनुपर्छ भन्ने धारणा व्यक्त गरेका छन् (प्रधान र सिंह २०४५ : ५०) । यसले पिताको मात्र होइन, पतिको स्वामित्वमा रहेको सम्पत्तिमा पनि समान अधिकारको दाबी गर्दछ । यसबाट पनि पत्रिकाले महिलाको आर्थिक स्वामित्वमाथिको अधिकारलाई कानुन व्यवसायीका माध्यमबाट बलियो तरिकाले अगाडि लैजाने संकेत गरेको थियो । न्यायाधीश सत्यभामा माथेमाले पनि महिलाले बाबुको सम्पत्ति पाउनका लागि पनि विभिन्न अपमानजनक व्यवहार र अड्चन भोग्नुपर्ने यथार्थ व्यक्त गरेकी छन् (माथेमा २०४५ : १५-१८/३६) । हेर्दा र सुन्दा छोरीलाई पनि पैतृक सम्पत्तिमा अधिकार भएको कुरा गरिए पनि व्यवहारमा कानुनले नै अड्चन पार्ने तथ्यलाई केलाएर उनले सरल ढंगले बुझाएकी छन् ।

बाबुको सम्पत्तिमा मात्रै समान अधिकारको माग गरिरहेको सन्दर्भमा मीना आचार्यका लेखमा सबै खालका सम्पत्तिमा समान अधिकारको माग गरिएको छ ।

अर्थात् महिलालाई पैतृक सम्पत्तिमा मात्र नभई सामाजिक र सांस्कृतिक रूपमा पनि उत्तिकै अधिकार सम्पन्न गराइनुपर्छ (आचार्य २०४७ : १५-१६) । सम्पत्तिका हिसाबले मात्रै होइन राज्यका प्रत्येक अंग र निकायमा पनि पुरुषसरह महिलाको सम्मानजनक स्थानको माग गरिएको छ । पैतृक सम्पत्तिमा महिलाको समान अधिकारको मुद्दा महिला अधिकारको यात्राको थालनी मात्र हो । पारिवारिक हिसाबबाट महिला सम्मानित र अधिकारसम्पन्न भए मात्र सामाजिक र सांस्कारिक हिसाबले सम्मानित हुन सक्छन् । परिवारबाट नै दोस्रो दर्जाको व्यवहार गरिँदा परिवारबाहिर महिला सम्मानित हुन्छन् भन्ने नसोच्दा पनि हुन्छ । त्यसैले पैतृक सम्पत्तिका साथै समाज र देशका हरेक निकाय तथा अंगमा महिलाको प्रतिनिधित्व र सहभागिता हुनुपर्छ भन्ने कुरा आचार्यको लेखमा उठाइएको छ ।

पञ्चायती शासनको अन्त्यपछि नेपालमा नयाँ संविधानको निर्माणबारे निकै बहस र छलफल भएका थिए । *अस्मिता* म्यागेजिनले पनि महिला अधिकारका लागि संघर्ष गर्ने आफ्नो अभियानलाई मूर्त रूप दिन यसैको सेरोफेरोमा 'महिलाहरूप्रति रहेका भेदभावमूलक प्रश्नहरूमाथि कति परिवर्तन ल्याउन सक्छ आउने संविधानले' भन्ने शीर्षकमा आधारित रहेर विभिन्न व्यक्तिहरूसँग छलफल गरेको थियो । यसको मूल मर्म वि.सं. २०४७ को संविधानमा महिलाको भूमिका र हैसियत पुरुषसरह र सम्मानित हुनुपर्छ भन्ने हो । यो मूल शीर्षकअन्तर्गत सपना मल्ल, शान्ता थपलिया, विश्वनाथ उपाध्याय, सुधीर श्रेष्ठ, सुशीला कार्की, कटक मल्ल, बद्री कार्की, शान्ति कार्की, कल्याणी शाह, वैद्यनाथ उपाध्यायलगायतले महिला अधिकारबारे आफ्ना धारणा व्यक्त गरेका थिए । यी सबै लेखकहरूले महिला अधिकार प्राप्तिका लागि कानुन नै बाधक बनेको तर्क दिएका थिए ।

वि.सं २०४६ को परिवर्तनपछि सामाजिक क्षेत्रमा पनि महिलाहरूको प्रवेश बढ्न थाल्यो । विभिन्न राजनीतिक दल, राजनीतिभन्दा बाहिरका महिला समूह आदिको सक्रियता र महिला अधिकारवादीहरूले पनि सम्पत्तिमा समान अधिकारको मुद्दालाई कतिपयले करले र कतिपयले स्वतःस्फूर्त ढंगले अगाडि बढाइरहेका थिए । यसका पक्ष र विपक्षमा मत आइरहेका थिए । पक्ष र विपक्षका मतहरूको विश्लेषणात्मक जानकारी दिने अभिप्राय र सम्पत्तिको अधिकारलाई झन् बढी छलफलको विषय बनाउनका लागि 'सम्पत्तिमा महिलाको समान अधिकार विशेष' नाम दिएर *अस्मिता*को विशेषांक निस्किएको छ । जे छ त्यसैमा चित्त बुझाउने नेपाली महिलाको अनिवार्यताका विरुद्ध बाबुको सम्पत्तिमा पनि अधिकार चाहिन्छ भन्ने आवाजमा तीव्रता आउने क्रममा उपर्युक्त विशेषांकले अधिकारको यात्रालाई बलियो बनाएको छ । 'सम्पत्तिमा समान अधिकार : आलोचना र आपत्तिहरूको

उत्तर' लेखमा सरोज पन्तले महिलाको समान आर्थिक अधिकारका विरोधमा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरूलाई केलाएका छन् (पन्त २०५३ : ९-१७) । सम्पत्तिसम्बन्धी पारिवारिक कानुनलाई विचार गरेर उपयुक्त विधेयक संसद्मा प्रस्तुत गर्न सर्वोच्च अदालतले दिएको निर्देशनपत्र सरकारले बुझेपछि समान अधिकारका विपक्षमा पत्रपत्रिकाहरूमा विभिन्न खालका टिप्पणी आएका थिए । *देशान्तर*, *गोरखापत्र*, *कान्तिपुर*, *लोकपत्र*, *आजको समाचारपत्र*, *घटना र विचार*, *समकालीन*जस्ता पत्रिकाहरूमा महिलालाई पैतृक सम्पत्तिमा समान अधिकारबारे छापिएका लेख, टिप्पणी उपर्युक्त विशेषांकमा छापिएका छन् ।

पुरुषप्रधान समाजभित्र आफ्ना अधिकारका लागि महिलाहरूको मौनता अर्थात् पुरुष घोषित 'शान्ति'का बेलामा आएको खलबलीले महिला अधिकारका विपक्षमा पनि कस्ता खालका बौद्धिकहरूको संलग्नता रहेको छ भन्ने झझल्को पाउन सकिन्छ । सम्पत्तिमा समान अधिकार भएमा समाजको शान्तिपूर्ण संरचना भत्किने, बेथिति फैलिने, पारिवारिक विखण्डन, वेश्यावृत्ति, हत्या-हिंसा बढ्नेजस्ता आधारविनाका तर्कलाई अगाडि सारिएको छ । *गोरखापत्र*मा छापिएको टंकनाथ भट्टराई, *लोकपत्र*मा छापिएको उद्धव पुरी, *घटना र विचार*मा छापिएको देवप्रकाश त्रिपाठीका लेखहरूले विनाआधारमा गरेका तर्कहरूलाई सरोज पन्तको उक्त लेखमा सन्दर्भका रूपमा लिइएको छ । कमला सुवेदीले *देशान्तर*लाई दिएको अन्तर्वार्तामा महिलालाई पुरुषले भन्दा महिलाले नै बढी शोषण गरेका छन् भन्ने तर्क गरेकी छन् । उनको भनाइबाट पनि महिलाहरू कसरी महिलाकै विरुद्ध प्रयोग गरिन्छन् भन्ने प्रस्ट हुन्छ । यसै गरी पन्तको लेखमा "महिलालाई सम्पत्तिमा समान अधिकार दिए पितृसत्तात्मक समाजको संरचनामा असर पुग्ने" भनी सर्वोच्च अदालतले २०५२ साउन १८ गते गरेको फैसलाको आलोचना गरिएको छ (पन्त २०५३ : १३) । नेपाली समाजको हरेक निकायमा पुरुषवादी चिन्तनप्रेरित पुरुषहरूको बाहुल्य छ । अदालत स्वयम् पितृसत्तात्मक व्यवस्थाको एक पुर्जा भएकाले पितृसत्तालाई प्रतिरक्षा गर्न खोजेको देखिनु स्वाभाविक हो (पन्त २०५३ : १३) । शासन गरिरहेको व्यक्ति वा व्यवस्थाले आफ्नो शासनको संरचना भत्किन खोज्दा बचाउ गर्नु सामान्य नै हो ।

भिन्न-भिन्न समयमा बनेका नेपालका संविधानमा महिलालाई विभिन्न अधिकार दिइएको छ र खोसिएको पनि छ । पश्चिमा मुलुकहरूमा मतदानका लागि महिलाहरूले बढी संघर्ष गर्नुपरेको थियो । नेपालको महिला आन्दोलनले मतदानको अधिकारका लागि त्यति लामो आन्दोलन गर्नु परेन । पुरुषसरह मतदान दिने अधिकार त वि.सं. २००५ मा काठमाडौं म्युनिसिपल बोर्डको निर्वाचनमा महिलाहरूलाई दिइएको थियो (सिंह २०४५ : ४६) । नेपालमा वि.सं. २००४, वि.सं. २००७ र वि.सं. २०१५ मा लागू

गरिएका संविधानहरूमा लैंगिक हिसाबले नेपाली नागरिकलाई कुनै पनि भेदभाव नगरिने भनेर घोषणा गरिएको थियो । वि.सं. २००४ मा महिला र पुरुष नभनीकन मताधिकारमा समानता प्रदान, 'नेपालको अन्तरिम शासन विधान २००७' मा पहिलो पटक लिंगका आधारमा कुनै नागरिकलाई भेदभाव नगर्ने प्रतिबद्धता र 'नेपाल अधिराज्यको संविधान २०१५' मा सबै नागरिक कानुनको समान संरक्षणको हकदार हुने व्यवस्था गरी सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिंग वा जातजातिका आधारमा भेदभाव नगरिने तथ्य स्पष्ट गरेको थियो (तुलाधर २०५६ : ५१) । महिलाकेन्द्रित विभिन्न खालका अधिकार प्रयोगमा नआए पनि कानुनमा भने हक-अधिकारको प्रत्याभूति दिइएको थियो । वि.सं. २०१७ मा राजा महेन्द्रको 'कू'सँगै नेपालका पुराना संविधानका साथै महिलाका विभिन्न अधिकार खारेजीमा परे । त्यसपछि वि.सं. २०१९ मा जारी गरिएको मुलुकी ऐनले पनि महिलामाथिको भेदभावलाई घटाउन सकेन (तुलाधर २०५६ : ५२) । वि.सं. २०१९ मा पञ्चायती संविधान बनेसँगै महिलाका हक र अधिकारको मात्रा बढ्नुको सट्टा कटौतीमा परे । पुरानो समयको महिलासम्बन्धी कानुन उपयोग र अधिकारका दृष्टिले वि.सं. २०१९ को संविधानभन्दा अग्रगामी थिए भन्न सकिन्छ । यसरी विभिन्न समयमा जारी गरिएका ऐन, कानुन र संविधानका पत्रपत्रहरू केलाएर महिला अधिकारका पक्षमा के-कस्ता प्रावधान रहेका छन्, त्यसको खोजी इन्दु तुलाधरले गरेकी छन् (तुलाधर २०५६) । यसबाट महिलालाई हक-अधिकारबाट वञ्चित गराउन ऐन, कानुन र संविधानले कस्तो भूमिका खेले भनेर बुझ्न सहयोग पुग्छ ।

अस्मिताले ऐन, कानुन र संविधानका ठेली पल्टाएर मात्र सम्पत्तिमा समान अधिकारको बहसलाई सीमित पारेको छैन । यसले ऐन, कानुन र संविधान लागू गराउने सरकारी कार्यक्रमलाई विश्लेषण गरेको छ । यसै क्रममा वि.सं. २०५१ को निर्वाचनका बेला विभिन्न राजनीतिक दलका घोषणापत्रहरूलाई पनि केलाएको छ । राजनीतिक पार्टीहरूले महिलाको अधिकारलाई घोषणापत्रका माध्यमबाट सुनिश्चित गराउने मामिलामा भने कन्जुस्याइँ गरेका छन् । मञ्जु थापाको 'चुनावी घोषणापत्रहरू : महिलाहरूलाई आर्थिक समानता दिने प्रश्नमा मौन' (थापा २०५१ : २५-२७) शीर्षकको लेखमा वि.सं. २०५१ को मध्यावधि निर्वाचनका बेला राजनीतिक दलहरूले महिलासम्बन्धी कार्यक्रमलाई दिएको प्राथमिकताबारे खोतलिएको छ । आकर्षक नारा र अधिकारका विषयमा वकालत गरे तापनि महिलालाई आर्थिक अधिकार प्रदान गर्न साँधिएको मौनताबारे विश्लेषणात्मक प्रस्तुति गरिएको छ । सरकारमा पुगिसकेको नेपाली काँग्रेसले २० प्रतिशत महिला उम्मेदवार बनाउने आफ्नै घोषणालाई कार्यान्वयन नगरी ५ प्रतिशत मात्र उम्मेदवार बनाउनु, नेकपा

(एमाले) ले वाचा गरेअनुसार पैतृक सम्पत्तिमा छोरासरह छोरीको अधिकारबारे नबोल्नुले पनि महिलाका विषयमा देशका ठूला राजनीतिक दलहरू गम्भीर नभएको यथार्थता देखिन्छ । छोरासरह छोरीको पनि पैतृक सम्पत्तिमा अधिकार स्थापित गर्नेछौं भनेर वचनबद्ध नेकपा (एमाले) ले घोषणापत्रमा छोरीलाई सम्पत्ति दिनु नपर्ने ठहर किन गऱ्यो र त्यस बुँदालाई किन हटायो (थापा २०५१ : २६) ? जसरी देशका अन्य विषय गम्भीरतासाथ लिइन्छ, त्यसरी महिलाका मुद्दा गम्भीर र सुल्झाउनुपर्ने मुद्दाका रूपमा नलिइएको मञ्जु थापाको लेखमा उल्लेख छ । ठूला र साना राजनीतिक दलका घोषणापत्रहरूमा रहेका महिला अधिकारबारेका नारा चुनावको बेला निकै चर्किए पनि कार्यान्वयन नगरिएको निष्कर्ष थापाको लेखमा छ ।

*अस्मिता*का विभिन्न अंकहरूको अध्ययन गर्दा प्रकाशन आरम्भदेखि नै यसले महिलालाई सम्पत्तिमा समान अधिकारको मुद्दालाई प्रमुख बनाएर लगेको छ । सम्पत्तिमा महिलाको समान अधिकारबारे भएका अन्तर्क्रियाले गर्दा *अस्मिता* त्रैमासिक छलफलको चौतारीका रूपमा विकसित भएको छ । सम्पादकीय समूहभित्र र बाहिरका व्यक्तिहरूका माध्यमबाट पैतृक सम्पत्तिमा महिलाको समान अधिकारलाई कानुनी र व्यावहारिक कार्यान्वयनका लागि सहज बनाउन निरन्तर सक्रिय रहेको पाइन्छ । कानुनको सहारा लिएर विभेदकारी कानुनकै मर्ममा *अस्मिता*ले प्रहार गरेको छ । यसबाट उदारवादी नारीवादको मूल मुद्दा अर्थात् कानुनी अधिकार सुनिश्चितताको अभियान झन् बलियो बनेको देखिन्छ ।

अदालतले सम्पत्तिमा महिलाको समान अधिकारको मुद्दालाई गम्भीरतापूर्वक लिन सकेन । छोरी जन्मिनेबित्तिकै पैतृक सम्पत्तिको अधिकारी हुने भए पनि विवाहपछि उक्त सम्पत्ति फर्काउनुपर्ने कानुनी प्रावधान बनाइयो (थापा २०६५ : ११) । २०५८ चैतमा मुलुकी ऐनको संशोधन हुँदा यस्तो निर्णय भएको हो । यति लामो समयसम्म चलेको सम्पत्तिमा समान अधिकारको मुद्दाले पनि सरकारी र कानुनी तवरमा कुनै फरक ल्याउन सकेन । अधिकारको विषयलाई झुलाउने मात्र काम गरियो । महिलालाई पहिलेको अवस्थामा फर्काउने खालको निर्णयलाई नेपालको ऐन संशोधन गर्न बनेको ऐन २०६३ ले खारेज गऱ्यो (थापा २०६५ : ११) । प्रारम्भदेखि उठाउँदै आएको सम्पत्तिमा समान अधिकारको मुद्दालाई *अस्मिता*ले छोडेको थिएन । महिलालाई आफ्नो हकप्रति सचेत र अधिकारसम्पन्न गराउने यो अभियानमा *अस्मिता*ले लामो समयसम्म काम गरेको थियो ।

सम्पत्तिमाथिको समान अधिकारबारे *अस्मिता*ले गरेको यो बहसमा जति सम्पादकीय समूह सक्रियतापूर्वक लागेको छ, त्यति नै मात्रामा बाहिरका व्यक्तिहरू पनि सहभागी भएको देखिन्छ । विभिन्न संघसंस्थाहरूले छोरीलाई पैतृक सम्पत्ति

दिनुहुन्छ कि हुँदैन भनेर गरेको सर्वेक्षणलाई पनि प्रकाशन गरिएको छ भने विवाह मण्डपमा नै छोरीलाई अंश दिने बाबुको पनि अन्तर्वार्ता प्रकाशित छ (थापा २०५६ : १०; आचार्य २०५२ : ७) । यस्ता समाचार र अन्तर्वार्ताहरूले *अस्मिता*को सम्पादन समूहले पैतृक सम्पत्तिमा महिलाको समान अधिकारलाई महत्त्वपूर्ण मुद्दाका रूपमा अगाडि बढाएको प्रस्ट हुन जान्छ । यसरी पत्रिकाले आफ्नो अस्तित्वसँगै गाँसेर नेपाली महिला आन्दोलनको प्रमुख हिस्साका रूपमा सम्पत्तिमा महिलाको अधिकारलाई लिएको छ । राजनीतिक दल, दलका कार्यकर्ता, न्यायाधीश, कानुन व्यवसायी, गैरसरकारी संस्थाका प्रतिनिधि र नागरिकका धारणा बुझ्दै अधिकारको यस अभियानलाई लामो समय जारी राखेको थियो ।

गर्भपतनको मुद्दा

गर्भपतनबारेका लेख

*अस्मिता*ले उठाएको अर्को विषय गर्भपतनको मुद्दा हो । यसमा *अस्मिता*को सम्पादकीय समूहभन्दा बाहिरका लेखकहरूले बढी मात्रामा संलग्नता जनाएका छन् । यससम्बन्धी पहिलो लेखमा गर्भपतनलाई कानुनी मान्यता दिनुपर्नेमा जोड दिइएको छ (अरूणा २०४५ : ४२) । चिकित्सक अरूणा उप्रेतीले व्यावहारिक जीवनमा भोगेका र देखेका घटनाहरूको सहारा लिँदै महिलाका लागि गर्भपतनलाई वैधानिकता प्रदान गर्नु अत्यन्त आवश्यक रहेको लेखेकी छन् । गर्भपतनलाई कानुनी मान्यताबारेको अभियान तेस्रो अंकदेखि नै सुरु भएको छ । *अस्मिता*मा गर्भपतनको कानुनी मान्यताबारे अरूणा उप्रेती नै बढी क्रियाशील भएको पाइन्छ । वि.सं. २०५८ अघि गर्भपतनलाई कानुनले अपराधका रूपमा लिएको थियो तर पनि विभिन्न निजी क्लिनिकहरूमा गर्भपतन गराइन्थ्यो । महिलाको ज्यानै जाने गरी अवैध रूपमा गर्भपतन गराइँदा पनि कानुन मौन बस्नुलाई उप्रेतीले व्यंग्य गरेकी छन् । सबैलाई पूर्ण जानकारी हुँदाहुँदै पनि गर्भपातलाई अवैधानिक घोषणा गर्नुलाई उप्रेतीले हास्यास्पद कानुन मानेकी छन् । गर्भपातले गर्दा निर्दोष महिलाले अकालमा ज्यान गुमाउनुपर्ने भएकाले नचाहिएको गर्भबाट महिलाले मुक्ति पाउनुपर्छ (उप्रेती २०४७ : २१) भन्नेमा उनको जोड रहेको छ ।

गर्भपतनको विषय छिटपुट रूपमा प्रकाशित सामग्रीभित्रै परेका भए पनि गम्भीर र दबाबमूलक सामग्रीका लागि *अस्मिता*ले अरूणा उप्रेतीकै लेख कुर्नुपऱ्यो । वि.सं. २०५८ को अंक ६५ मा 'असुरक्षित गर्भपतन : उच्च मातृमृत्युदरको मूल कारण' लेखमा असुरक्षित गर्भपतनका कारणले हुने मातृमृत्युदर उच्च रहेको कुरा उल्लेख गरिएको छ (उप्रेती २०५८ : २८) । नेपालमा गर्भपतनलाई कानुनी

मान्यता नदिइँदा पनि अवैध तरिकाले केही डाक्टर र धेरै मात्रामा तालिमविहीन व्यक्तिहरूबाट गर्भपतन गराइँदा निकै महिला कालको मुखमा पुग्नु परेको थियो । तत्कालीन श्री ५ को सरकारले सन् १९९८ मा तीन जिल्लामा गरेको अनुसन्धानबाट ९.७ प्रतिशत असुरक्षित गर्भपतनका कारण हुने मातृमृत्यु, २०५२ जेठ १५ देखि २०५७ सम्म प्रसूतिगृह थापाथलीमा गरिएको अनुसन्धानबाट स्त्रीरोगसम्बन्धी समस्या लिएर आउने १६ हजार १५० मामिलामध्ये ६ हजार ६६१ मामिला (४१.२०%) गर्भपतनसम्बन्धी परेका थिए (उप्रेती २०५८ : २९) । यी त भए अस्पतालसम्मको पहुँच भएका महिलाहरूको तथ्यांक, तर अस्पतालसम्म पहुँच नभएका र सार्वजनिक जानकारीमा नआएका थुप्रै महिलाहरूले अकालमै ज्यान गुमाउनुपरेको छ । उप्रेतीका लेखका आधारमा पनि प्रजननको अधिकार महिलाको पक्षमा नहुँदा महिला असाध्यै पीडित बन्नुपरेको तथ्य स्पष्ट हुन्छ ।

नियमित स्तम्भमा गर्भपतनको मुद्दा

*अस्मिता*मा रहेका नियमित स्तम्भमध्ये 'सम्प्रेषण' स्तम्भ बढी प्रभावकारी भएको मान्न सकिन्छ । विषयमा विविधता रहेर विचार र सचेतना जगाउने हिसाबले दिइएको यस स्तम्भको मुख्य आर्कषण विषयमा आधारित चित्रहरू हुन् । यस स्तम्भमा विषयवस्तुलाई नाटकीय पाराले सर्वसाधारणलाई बुझाउने प्रयास गरेको देखिन्छ (त्रिपाठी सन् २०१२क : १८०) । *अस्मिता*को अंक १४ मा सुसन मास्केले सम्प्रेषण नामक चित्र स्तम्भमार्फत गर्भपतनबारेको जानकारी दिएकी छन् । गर्भपतन गराउनुपर्ने कारणहरूमा परिवार नियोजनका साधनहरूको असफलता, अज्ञानतावश उत्पन्न गलत धारणा, बलात्कार आदि दिइएको छ भने लिंग पहिचानपछि छोरी भएका कारण जबर्जस्ती गराइने गर्भपतन पनि रहेको छ । अनिच्छित गर्भलाई पतन गराउन नपाउँदा शिशु हत्या गर्न बाध्य हुने परिस्थिति पनि प्रस्तुत गरिएको छ । सन्तान जन्माउने-हुर्काउने काममा प्राकृतिक कारणले पुरुषभन्दा महिला नै बढी संलग्न हुने हुँदा पुरुषबाट महिलामाथि हुने गरेका शोषणमा आँखा चिम्लने गरेका छन् । राज्यले पनि केही हस्तक्षेप गरेको छैन । गर्भपतनका सन्दर्भमा पनि राज्य मौन बस्नुले यही तथ्यलाई उजागर गर्छ । विभिन्न धर्मका पण्डितहरूले गर्भपतनलाई घोर अपराधका रूपमा व्याख्या गर्ने प्रचलन, बौद्धिक भनिएकाहरूले शिशुको मानव अधिकारको हनन भएको भनेर व्याख्या गर्ने चलन, गर्भपतनलाई मान्यता दिइँदा समाजमा दुराचार र उच्छृंखलता बढ्ने नाममा गर्भपतनको विरोध गरिएको यथार्थलाई स्पष्ट पारिएको छ (मास्के २०४९) । महिलालाई मात्र अपराधीका रूपमा चित्रण गरी दण्ड दिइने सामाजिक कुसंस्कारविरुद्ध आवाज उठाइएको छ । राज्यले अपराधका रूपमा

घोषणा गरे पनि स्वास्थ्य काउन्सिल रेगुलेसन सन् १९६७ ले महिलाको स्वास्थ्यमा असर पर्ने अवस्थामा र मानिसक सन्तुलनमा प्रतिकूल असर पर्ने वा विकलांग बच्चा भएको अवस्थामा दुई जना चिकित्सकको सल्लाहमा गर्भपतन गराउन मिल्ने भन्ने तथ्यलाई अगाडि सार्दै गर्भपतनलाई कानुनले मान्यता नदिनु भनेको यथार्थप्रति आँखा चिम्लनु हो भनिएको छ । भारत, चीन र बंगलादेशमा समयानुकूल गर्भपतनको विषयलाई कानुनी रूपमा पटक-पटक संशोधन गरिएको तथ्यलाई प्रस्तुत गर्दै नेपालमा पनि गर्भपतनलाई कानुनी मान्यता दिएर सरकारले नै तालिम प्राप्त व्यक्तिहरूलाई खटाउनुपर्नेमा जोड दिइएको छ । गर्भपतनलाई अपराधका रूपमा होइन, बाध्यताका रूपमा लिन आग्रह पनि गरिएको छ ।

अन्तर्वार्ता

*अस्मिता*ले अन्तर्वार्ताबाट गर्भपतनबारे अंक ३ (२०४५) देखि नै विषय उठान गरेको थियो । न्यायाधीश सत्यभामा माथेमासँग लिइएको अन्तर्वार्तामा गर्भपतनबारे एक प्रश्न पनि थियो । कसैले अनैतिक सम्बन्ध राखेर गर्भपतन गराउनु र सौन्दर्य जान्छ भनेर गर्भपतन गराएको ठहरिएमा अपराध मानिन्छ (माथेमा २०४५ : ३६) । माथेमाको उत्तरबाट गर्भपतनको कानुनी प्रावधान मात्र थाहा लाग्छ, तर गर्भपतनलाई कानुनी मान्यता दिनुपर्छ भन्नेमा भने उनको जोड पाइँदैन । गर्भपतनबारे चिकित्सकहरूको राय बुझ्ने काम *अस्मिता*मा गरिएको छ । स्त्रीरोग विशेषज्ञ इन्दिरा श्रेष्ठ र बालरोग विशेषज्ञ विना कक्कडले कानुनी मान्यता नदिइँदा पनि डाक्टरहरूको संलग्नतामा धमाधम गर्भपतन गराइरहेको जानकारी दिएका छन् (श्रेष्ठ २०४७ : २० र कक्कड २०४७ : २१) । उनीहरूले गर्भपतनलाई कानुनी मान्यता नदिइँदा महिलाको ज्यान गइरहेको कुरा पनि व्यक्त गरेका छन् । सम्बन्धित विज्ञहरूबाट नै अवैधानिक भनिएको काम पनि धमाधम भइरहनु र महिला पीडित भइरहनुले कानुन महिलाको स्वास्थ्य र अधिकारमाथि खेलबाड गरिरहेको स्पष्ट हुन्छ । *अस्मिता*ले मानवअधिकार आयोगकी सदस्य इन्दिरा राणासँग गर्भपतनबारे सोधेको छ । हाडनाताको सम्बन्ध, बलात्कार, आमाको स्वास्थ्यमा खतरा आदिमा दुई जना चिकित्सकको सल्लाह लिएर गर्भपतन गराउन हुने (राणा २०५७ : २५) धारणा व्यक्त गरेकी छन् तर पनि उनी गर्भपतनको कानुनी मान्यताबारे खुलेर बोल्न सकेकी छैनन् ।

*अस्मिता*को टीमबाट गर्भपतनलाई मुख्य र सहायक बनाएर दुई-दुई ओटा छोटा खालका गरी चारओटा अन्तर्वार्ता लिइएको छ । *अस्मिता*ले सम्पत्तिमा महिलाको समान अधिकारको मुद्दालाई जति निरन्तरता गर्भपतनको विषयलाई

दिएको छैन । *अस्मिता*का सम्पूर्ण अंकको अध्ययन गर्दा गर्भपतनबारे तीन ओटा लेख, पाँच ओटा अन्तर्वार्ता र एउटा चित्रकथा प्रकाशित छन् ।

सन् १९६० को दशकमा अमेरिकामा चलेको महिलामुक्ति आन्दोलनले अरू विभिन्न अधिकारसहित प्रजननसम्बन्धी अधिकारको माग गरेको थियो (तामाङ सन् २००४ : ५२६) । नारीवादका विभिन्न धारहरूले प्रजननसम्बन्धी अधिकार महिलामा मात्रै सीमित हुनुपर्छ भन्ने कुरामा जोड दिन्छ । *अस्मिता*ले पनि प्रजननसम्बन्धी अधिकारमध्ये गर्भपतनको अधिकार महिलामा मात्रै हुनुपर्छ भन्ने माग राखेको छ । यसका लागि देशको कानुन सुधारमा मुख्य जोड दिइएको छ । प्रजननको अधिकार महिलाको हातमा हुनुपर्छ भन्ने निष्कर्ष *अस्मिता*मा प्रकाशित सामग्रीका आधारमा निकाल्न सकिन्छ । महिलालाई लामो समयदेखि पीडित बनाएको गर्भपतनको मुद्दाले वि.सं. २०५८ देखि कानुनी मान्यता प्राप्त गरेको छ ।

सांस्कृतिक उत्पीडन

महिलालाई बढी उत्पीडनमा पार्ने विषय धर्म र संस्कार नाममा गरिने क्रियाकलाप पनि हुन् । धर्म र संस्कारले महिलालाई के-कति र कसरी उत्पीडनमा पारेको छ भन्नेबारे *अस्मिता*का विभिन्न अंकमा विभिन्न सामग्री प्रकाशित छन् । यस खण्डमा *अस्मिता*ले धर्मका नाममा महिलाहरू पीडित बन्नुपरेको सन्दर्भलाई कसरी प्रस्तुत गरेको छ भन्नेबारे खोजी गरिएको छ ।

महिला शोषणको मुख्य आधार धर्म

अस्मिता मूलतः महिलाको स्वत्वको खोजीमा प्रकाशित पत्रिका हो भन्ने यसमा प्रकाशित विषयवस्तुका आधारमा पुष्टि हुन्छ । महिलाकेन्द्रित र जागरणतर्फ लक्षित यस पत्रिकाका सामग्रीहरूले महिला कसरी शोषित र पीडित छन् भन्ने तथ्य प्रकाश पारेका छन् । पहिलो अंकमा सौन्दर्यको स्याहारमा ध्यानकेन्द्रित गर्नुपर्ने सामग्री दिने पत्रिकाले कुनै पुरुषले अभद्र व्यवहार गरे कसरी मुक्का हान्ने र त्यसबाट कसरी बच्ने भन्ने पनि सामग्री दिनुले महिलाले सौन्दर्यप्रति होइन, आफ्नो अस्तित्व रक्षार्थ स्वयं सबल हुनका लागि प्रेरित गरेको थियो । नेपाली समाजमा परिवारबाट नै छोरीका लागि निश्चित धार्मिक संस्कार र क्रियाकलाप निर्धारित गरिएका छन् । अझ धर्म र संस्कृतिलाई जोगाउने एक खालको जिम्मा नै महिलालाई दिइएको हुन्छ । जस्तै : तीजमा श्रीमान्का नाममा व्रत बस्नुपर्ने, छोरा प्राप्तिका लागि महिलाले नै व्रत बसिदिनुपर्ने, समाज शुद्ध हुनका लागि महिनावारीको समयमा छाउपडीमा बस्नुपर्ने, विभिन्न मनोकामना पूरा गर्ने नाममा

छोरीलाई देवीदेवताको मन्दिरमा चढाउनुपर्ने धर्मप्रेरित संस्कारको सम्पूर्ण जिम्मा महिलालाई दिइएको स्पष्ट हुन्छ । धर्म र संस्कृतिले आफूलाई कुन र कस्तो किसिमले शोषण गरिरहेको छ र पीडित भइरहेका छौं भन्ने पनि थाहा नपाउने अवस्थामा नेपाली महिलाहरू रहेका छन् । महिलालाई शोषण गर्ने धर्म र संस्कृतिबारे सचेतता जगाउने काममा *अस्मिता* निरन्तर खटिरहेको थियो ।

महिलालाई दास बनाउन धर्मलाई हतियारका रूपमा प्रयोग गरिने सन्दर्भलाई तीजको व्रत बस्ने महिलाको ताँतीसँग जोड्न सकिन्छ । हिन्दू धर्मअनुसार श्रीमान्को दीर्घायु र समृद्धिका लागि तीजमा श्रीमती निराहार व्रत बस्नुपर्ने चलन छ । एकातिर यसलाई महिलाका पीर-व्यथा बिर्साउने पर्वका रूपमा आवरण दिइएको छ । अर्कोतिर निराहार व्रत बसेर पुरुषको पूजा गरेर समर्पण भाव प्रदर्शन गर्नुपर्ने भन्ने राजनीति पनि लुकेको छ । तीजका रमझमभित्र पसेर महिलाप्रति पुरुषको साधना खोई भन्ने प्रश्न उठाउँदै श्रीमान्को दीर्घायुको कामना गर्दै पानी पनि नखाइकन बस्ने प्रचलनमा आपत्ति जनाइएको छ (श्रेष्ठ २०४९ : १९) । पुरुषले पनि महिलाका नाममा व्रत बस्न सके मात्र समानताको अवधारणा प्रारम्भ हुने सोच पनि प्रस्तुत गरिएको छ । समानताको अवधारणा उदारवादतर्फ लक्षित रहेको छ । निराहार व्रत बस्दैमा श्रीमान् वा श्रीमतीको आयु लामो हुँदैन भन्ने वास्तविकतालाई प्रस्तुत नगरी श्रीमान् पनि श्रीमतीको नाममा निराहार व्रत बसेमा मात्र महिला र पुरुष समान हुने तर्क गरिएको छ ।

यसै गरी उदारवादी नारीवादलाई बलियो तरिकाले पक्षपोषण गर्ने तर्कका रूपमा बाबुआमाको काजकिरिया पनि आएको छ । कोमल, रून्चेपिन्चे स्वभावका भनेर समाजले भिराइदिएको बिल्लाको प्रतिरोध गर्दै अन्तिम संस्कारमा महिलाहरू संलग्न हुनुले उनीहरू वास्तविक रूपमा कमजोर छैनन् भन्ने यथार्थको बोध गराउन *अस्मिता* लागिपरेको थियो । छोरीले दिने दागबत्ती र पूर्ण किरियालाई *अस्मिता*ले सम्पत्तिका अधिकारसँग जोडेको छ । आमाबाबुको काजकिरियाका सम्बन्धमा अविवाहिता छोरीले ११ दिनसम्म नुन खान नहुने तर विवाहित छोरीले भने पाँच दिनमात्र नुन बार्ने हिन्दू संस्कारनिर्देशित प्रचलन रहेको छ । आमाबाबुलाई दागबत्ती दिन पनि छोरा नभए नजिकका नातागोताका पुरुष खोजिन्छ । आमाबाबुप्रतिको छोरीको अधिकार पनि धार्मिक संस्कारका नाममा खोसिएको छ । यस्तो पक्षपातको विरोधमा *अस्मिता*को कलम तीखो छ । धरानकी सलिना मास्केले आमा, झापाकी अञ्जना प्रधानले आमाबाबु, ललितपुरकी इन्दिरा राणाले आमालाई दागबत्ती दिएर १३ दिनसम्म किरिया बसेका समाचार प्राथमिकतासाथ प्रकाशन गरिएको छ । समाजद्वारा प्रतिबन्ध लगाइएका सांस्कारिक क्रियाकलाप गर्न महिलाहरू अग्रसर भएको तथ्यलाई अगाडि ल्याउनु महिलाको क्षमताको उदाहरण प्रस्तुत गर्नु हो ।

नेपाली समाजमा महिलाले वहन गरेका कामलाई अनिवार्य, परम्परादेखि चलिआएको र धर्मले निर्देशित गरेको भनिन्छ । समाजलाई नियमभित्र बाँध्ने भनेर निर्माण गरिएका धार्मिक ग्रन्थमा महिलाबारे के उल्लेख गरिएको छ भन्नेजस्ता सामग्रीहरू प्रकाशित छन् । धार्मिक ग्रन्थहरू नारी र श्रमजीवी वर्गमा रूढि, अन्धविश्वास, कायरता, हीनताबोध र दास मनोवृत्ति सकेसम्म भरिरहन युगौंदेखि अथक प्रयत्न गर्दै अत्यधिक ठूलो संख्यालाई आफ्नो उद्देश्यको शिकार बनाउन राम्ररी सफल भएको छ (प्रश्रित २०४९ : १०) । एक संस्था, समूह वा वर्ग विजयी बन्नका लागि कमजोर वर्ग वा समुदायको आवश्यकता परेजस्तै पुरुषले आफू श्रेष्ठ बन्ने होडमा महिलालाई शोषणको केन्द्रमा राखेको स्पष्ट हुन्छ । मोदनाथ प्रश्रितको भनाइ र नेपाली समाजको यथार्थलाई हेर्दा महिलालाई धर्मका विभिन्न मान्यताहरूमा जेलेर दासको स्वरूपमा रूपान्तरण गर्न राज्य र पुरुषप्रधान समाजले लामो समय खर्च गरेको प्रमाणित हुन्छ । धर्मग्रन्थका निर्माता पुरुष नै भएको र धर्मग्रन्थका उक्तिहरू राज्यमा जुन वर्ग वर्चस्वशाली छ, उसैको हितका लागि प्रयोग हुने हुँदा महिलाका लागि धर्म शोषणको हतियारका रूपमा प्रयोग भएको भनी प्रश्रितले लेखेका छन् । सिमोन डे बौभाको भनाइ उल्लेख गर्दै सुधा त्रिपाठी लेख्छिन, "महिला जन्मँदै महिला नभएर पछि बनाइएकी हो अर्थात् मानिसलाई समाजले रूढिग्रस्त विचारको भारी बोकाएर महिला बनाउँछ" (त्रिपाठी सन् २०१२ख : ७७) । उदारवादी नारीवादले महिलाको भूमिकालाई प्राकृतिक रूपमा नभई सामाजिक रूपमा निर्धारण गरिएको भनी जोड दिन्छ । यसले पितृसत्ताद्वारा निर्माण गरिएका मान्यताका कारण महिलाहरू बढी शोषित र खुम्चिएर बस्नु परेको भनी विरोध गर्छ । नारीवादी आन्दोलनको अर्को पक्ष इतिहासको पुनर्लेखन र पुनर्व्याख्या पनि हो । पुरुषकै कोणबाट बनेका र व्याख्या गरिएका धर्मग्रन्थ र इतिहासमा महिलाको भूमिकालाई दोस्रो र निम्न स्तरमा कायम गरिएको विरुद्धमा पनि उदारवादले चर्को विरोध गरेको छ । लैंगिक विभेदकारी धार्मिक ग्रन्थको पुनर्व्याख्याका लागि *अस्मिता*ले आवाज उठाएको छ ।

धार्मिक अन्धविश्वासका कारण महिलाहरू झन् बढी पीडित हुनुपरेको तथ्य सुदूरपश्चिमको देउकी प्रथाबारेको प्रस्तुतिले पनि पुष्टि गर्छ । स्थलगत भ्रमणपछि लेखिएको 'देउकीहरूको देशमा' नामक लेखमा दार्चुला, बैतडी र डँडेलधुराका १० गाउँका १० ओटा मन्दिरमा देउकी चढाइने तथ्यांक प्रस्तुत गरिएको छ (गौतम २०४९ : २१) । देउकीका रूपमा चढाइएकी केटीले विवाह गर्न नहुने, गरेमा दुईमध्ये एकको मृत्यु हुने वा बहुलाउने मान्यता रहेको सुदूरपश्चिमका दार्चुला, बैतडी र डँडेलधुरामा देउकीसँग यौनसम्बन्ध राख्न भने छुट छ । यसले देहशोषणको परम्परालाई अघोषित रूपमा स्थापित गरिदिएको कुरा लेखबाट स्पष्ट हुन्छ । *अस्मिता*ले बौद्ध

धर्ममा प्रचलित भुमा र अनागरिकाको जीवनलाई पनि प्रस्तुत गरेको छ । मुस्ताङ जिल्लाका पाँचगाउँ, थाक, सातसय, लोछोध्यू तथा बाह्रगाउँहरूमा भुमा प्रथालाई कतै अनिवार्य र कतै स्वेच्छाका रूपमा लिइएको छ । घरकी माइली छोरी सांसारिक मोहबाट पर रहेर सम्पूर्ण जीवन गुम्बामा समर्पित गर्ने चलनलाई भुमा प्रथा भनिन्छ (मास्के र क्षेत्री २०५३ : १६) । धार्मिक हिसाबले गुम्बामा देवताको पूजा-अर्चनामा जीवन बिताउने यस प्रथा र पूर्वभुमाबारे मास्के र क्षेत्रीको लेखमा जानकारी दिइएको छ । देउकी र भुमा प्रथाका कारण महिलाहरूको व्यक्तिगत स्वतन्त्रता हरण भएको पाइन्छ । व्यक्तिगत स्वतन्त्रतामाथि विश्वास गर्नु नै उदारवादको पहिचान हो (त्रिपाठी सन् २०१२ख : ७८) । अन्धविश्वासका कारण नारकीय जीवन भोगेका देउकीहरू र देवताप्रति सर्मपित भई कठोर नियममा बस्नुपर्ने भुमाहरूको जीवन *अस्मिता*मा आउनुले महिलाका चाहना कुण्ठित गराइएको विरोध पनि हो ।

व्यक्तिगत इच्छाबाट अलग गरिदिएर स्वतन्त्रपूर्वक बाँच्न पाउने महिलाको अधिकारलाई धार्मिक संस्कारका नाममा हनन गरिएको छ । लामो समयसम्म देवीका रूपमा पुजिने तर पहिलो रजस्वला भएपछि देवीबाट सामान्य मानवमा रूपान्तरित हुने कुमारी प्रथा नेवार जातिको शाक्य थरभित्र प्रचलित रहेको छ । बत्तीस लक्षणले युक्त भनिएकी शाक्य थरकी कन्याको मनोबलको परीक्षण र अनेक तान्त्रिक विधि अपनाएपछि कुमारी पदमा नियुक्त गरिन्छ । आमा र आफ्ना परिवारसँग यापन गर्ने साधारण जीवनबाट अलौकिकतातर्फ लैजाने यो प्रथापछिको जीवन निकै कष्टकर हुने तथ्य पूर्वकुमारी धनकुमारीको घरमा गएर तयार पारेको लेखबाट थाहा हुन्छ । सामान्य जीवनमा फर्किसकेपछि पनि कुमारीसरह नै पूजाको अपेक्षा गर्ने, अन्य मानिसहरूसँग पनि त्यस्तै व्यवहार गर्ने हुनाले धनकुमारी समाजसँग घुलमिल हुन सकेकी छैनन् (सुमा २०४६ : ४६) । बाल्यकालको अमूल्य समय अलौकिक देवीसरह बिताउने तर निश्चित अवधि पार गरेपछि सामान्य जीवनमा फर्कन नसक्ने विडम्बनाका रूपमा पूर्वकुमारीहरूको जीवनलाई लिन सकिन्छ ।

*अस्मिता*मा देवतालाई चढाइने नाममा पीडित हुन पुगेका भुमा, देउकी, अनागरिका, ब्रह्मकुमारीको जीवनलाई सार्वजनिक गर्दै महिला-पीडाका कारकहरूलाई उजागर गरिएको छ । कतिपय महिलाहरू यस्ता प्रथाहरूमा संलग्न हुँदा आफै पीडित भएको हो कि होइन भन्ने दोधारमा रहेका छन् । अनागरिका बन्ने महिलाहरूले आफ्नो विगतको जीवन बाहिर ल्याउन नमानेकाले उनीहरू आफूले बाँचेको अनागरिका जीवनप्रति गर्व गर्दैनन् भन्ने प्रस्ट हुन्छ । *अस्मिता*मा महिलाका प्राकृतिक आचरण र व्यवहारलाई पनि महिलाका अनिवार्यतासँग जोडेर संस्कारको रूपमा विकसित गराउँदै लगेको भनी आक्रोश पोखेका लेख पनि प्रकाशित छन् ।

हाम्रो परम्परामा प्रकृतिले प्रदान गरेको स्त्रीको शारीरिक बनौटका आधारमा नारीलाई विभिन्न मान्यता थोपरेर मर्यादाहीन बनाउन खोजेको छ तर त्यो भ्रमपूर्ण छ (आचार्य २०४९ : २२) । दुर्गा, सरस्वती, लक्ष्मीका रूपमा देवीलाई पुजिन्छ तर वास्तविकतामा नारीको स्तर दोस्रो रहेको छ । दैवीरूपमा महिलालाई अनेक अवतारका रूपमा प्रस्तुत गरिन्छ । सम्पूर्ण वंश र कुलको इज्जतको जिम्मेवारी महिलालाई दिइन्छ तापनि कुल, वंश, गोत्रको निरन्तरतामा पुरुषलाई अनिवार्य मान्दछ । पुरुषसरह समान स्तर र हैसियत भएकी महिलालाई दास प्रथाको प्रारम्भसँगै निजी सम्पत्तिका रूपमा व्यवहार गरिन थालियो र सम्पत्ति, शिक्षा र सार्वजनिक क्षेत्रहरूबाट वञ्चित गराइयो (आचार्य २०४९ : २४) । यसरी हेर्दा महिलालाई पुरुषको सम्पत्तिका रूपमा गरिने व्यवहारको थालनी निजी सम्पत्तिको उदय भएपछि भएको मानिएको छ । सम्पत्तिमा समान अधिकार नहुँदा र धर्मले निर्माण गरिदिएको संस्कृतिद्वारा निर्देशित समाज हुँदा महिलाहरू झन् बढी पीडामा परेका छन् । संस्कार र संस्कृतिको बोलवाला समाजमा जस्तो छ, त्यही खालको वा त्यसैलाई संरक्षण गर्ने कानुनको निर्माण राज्यले गरेको हुन्छ । यही बुझेर नै *अस्मिता*ले पहिलो निशाना देशको कानुनलाई बनाएको छ ।

पुरुषवादी सोच र मानसिकताद्वारा प्रेरित व्यक्तिबाट नै बनाइएका धर्मग्रन्थ र उक्तिहरू महिलालाई शोषण गर्ने कारक बनेका छन् । लैंगिक विभेदकारी संस्कृति र मान्यताविरुद्ध *अस्मिता*ले लगातार प्रहार गरिरहेको थियो । धर्मग्रन्थका वास्तविकता, पर्वका नाममा गरिने महिलामाथिको शोषण र महिलाकेन्द्रित पर्व भने तापनि पुरुषलाई अर्चना गर्नुपर्ने राजनीतिको चिरफार, झुमा, देउकीजस्ता महिलाका इच्छा र आकांक्षालाई बन्देज लगाउने प्रथाको सत्यतालाई प्रस्तुत गर्दै धर्मले महिलामाथि दिएको सांस्कृतिक पीडाको आलोचना गरिएको छ ।

पारिवारिक सामग्रीसाथ वि.सं. २०४५ मा प्रकाशन प्रारम्भ भएको *अस्मिता*को वि.सं. २०४५ देखि २०५८ सम्मको यात्रालाई उर्वर मान्न सकिन्छ । यो पत्रिका प्रकाशनको लामो समय पार गर्दा पारिवारिकबाट फड्को मार्दै विचारप्रधान बन्न सफल भयो । पैतृक सम्पत्तिमा समान अधिकार हुनुपर्छ भन्ने तत्कालीन नाराभन्दा पनि अगाडि बढेर सबै खालका सम्पत्तिमा समान अधिकार हुनुपर्छ भन्ने नारालाई *अस्मिता*ले आफ्नो मुख्य मुद्दा बनायो । आफूले प्रारम्भ गरेको समान अधिकारको नारालाई पहिलो अंक (वि.सं. २०४५) देखि नै सुरु गऱ्यो । वि.सं. २०४६ का कुनै पनि अंकमा यससम्बन्धी सामग्री प्रकाशन गरेन, वि.सं. २०४७ मा यो सन्दर्भलाई ब्युँतायो । चार वर्षको अवधिसम्म पैतृक सम्पत्तिबारे केही सामग्रीहरू प्रकाशन भएनन् । वि.सं. २०५१ को मध्यावधि निर्वाचनदेखि वि.सं. २०५२ का विभिन्न अंकमा पैतृक सम्पत्तिसम्बन्धी

सामग्रीमा बढी ध्यान दिन थाल्यो । बीचमा पुनः सुस्ताएर वि.सं. २०५६, वि.सं. २०५७ र वि.सं. २०५८ मा गरी जम्मा तीन ओटा सामग्री छाप्यो । चुनाव, राजनीतिक माहोल, अदालतका निर्णय भएको बेलामा र संविधान निर्माणको समयमा *अस्मिता*ले सम्पत्तिमा समान अधिकारको मुद्दालाई विशेष प्राथमिकतासाथ पस्केको छ ।

*अस्मिता*ले बेला बेलामा ग्रामीण क्षेत्र, निम्न वर्गका महिला मजदुरहरूको व्यथा र बिलौनाहरूलाई समेटेको छ । भारतमा बेचिएकी तुलसाबारेको लेख, सडकपेटीमा मकै पोलेर गुजारा गर्ने महिलाको सन्दर्भ, अनकन्टार जंगलमा सहयोग र सहारा विना सुत्केरी भएकी दामोमायाको कथा, धर्मका नाममा व्यक्तिगत जीवन हरण गरिँदा देहव्यापार गर्न बाध्य देउकीहरूको व्यथाजस्ता फरक-फरक तर सामाजिक व्यवस्थाद्वारा नै पीडित बनेका महिलाको कथा *अस्मिता*ले समेटेको छ । निम्न वर्गका महिलाका विभिन्न खाले समस्यालाई प्रस्तुत गर्न *अस्मिता*ले छोडेको छैन, तर यस्ता सामग्रीहरूलाई सहायक रूपमा प्रस्तुत गरिएको छ । उसको ध्यान भने सरकार, नीति निर्माण, त्यसको कार्यान्वयन र विभिन्न अन्तर्राष्ट्रिय विधानहरूमा नेपालले गरेको प्रतिबद्धतालाई कसरी र कुन हिसाबले हेरेको छ भन्नेमा केन्द्रित रहेको छ ।

अस्मिता अंक १३ (वि.सं. २०४९) देखि अझ स्पष्ट पहिचानसहित प्रकाशन भएको थियो । विभिन्न विषयमा विशेषांक प्रस्तुत गरेर पत्रिकालाई नारीवादी पहिचान दिएको थियो । लगभग एक वर्ष जति प्रकाशन स्थगन भएर पुनः प्रकाशित भएको *अस्मिता*को सम्पादकीयबाट सोही कुरा प्रस्ट हुन्छ । अर्थात् देशको मूल कानुन वा संविधान महिलाका सन्दर्भमा के-कति उपयोगी, उत्तरदायी र कार्यान्वयनमा प्रभावकारी छ भन्ने कुराको खोजी गरिएको छ । मानव जीवनको आधा अंश ओगटेर रहेका नेपाली महिलालाई देशको संविधानले नै तिनका आर्थिक, कानुनी अधिकारबाट वञ्चित तुल्याएको छ । *अस्मिता* सम्पूर्ण नेपाली महिलाका अधिकार तथा समताका लागि उठेका आवाज नीति-निर्धारकसम्म पुऱ्याउने माध्यम हुन चाहन्छ (अस्मिता २०४९ : ५) । यसरी घोषित रूपमा आएको *अस्मिता*को सम्पादकीयबाट पनि नीतिनिर्माणका तहमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्ने चाहना र लक्ष्य प्रस्ट हुन जान्छ । महिलाकेन्द्रित सामग्रीसहित नीतिनिर्माणमा नै आलोचनात्मक र सुझावात्मक पहुँच बनाउने हैसियतसहित आउने घोषणा गर्नु पनि उदारवादतर्फको यात्रा हो । सहभागिता, आरक्षण वा भागबन्डाको सबैखाले राजनीतिलाई हामी ठाडै अस्वीकार त गर्दैनौँ, सकारात्मक विभेदलाई पनि मान्छौँ (अस्मिता २०६५) । स्थगनपछि प्रकाशित *अस्मिता*को अंक ६६ मा गरेको यो घोषणाले उदारवादतर्फको निरन्तरताको प्रतिबद्धतालाई दोहोऱ्याउँछ ।

निष्कर्ष

नलेखिएको वा उपेक्षा गरिएको इतिहासको खोजी महिलावादी आन्दोलनले गर्छ । *अस्मिता*ले पनि महिलाको अधिकार प्राप्तिका लागि छापामाध्यमबाट आन्दोलन गरेको छ । त्यसको स्वरूप भने आमूल परिवर्तनको साटो समानता वा उदारवादी रहेको छ ।

पञ्चायतकालमा सरकारको संलग्नता वा सहमतिविना कुनै पनि राजनीतिक तथा सामाजिक काम गर्ने छुट सर्वसाधारणलाई थिएन । वि.सं. २०४६ मा बहुदलीय प्रजातन्त्रको पुनःस्थापनापछि राजनीतिक, सामाजिक र आर्थिकलगायतका विभिन्न क्षेत्रमा खुलापन आएको थियो । साथसाथै अभिव्यक्ति स्वतन्त्रताका कारण पनि नेपाली जनताले उन्मुक्तिको अनुभव गर्न पाएका थिए । वि.सं. २०४६ को आन्दोलनका प्राप्तिलाई सम्पूर्ण उपलब्धि मानेर त्यसको उपभोगमा बढी क्रियाशील हुन थालेका थिए । यस्तो परिवेशले महिला आन्दोलनको उदारवादी धारलाई अझ विस्तार गर्न महत्त्वपूर्ण भूमिका खेल्यो । *अस्मिता*मा उदारवादी धार देखिनु पनि नेपालको यही खुला राजनीतिक, आर्थिक र सामाजिक परिवेश नै हो ।

नेपाली महिला आन्दोलनमा छापा पत्रकारिताका माध्यमबाट बलियो उपस्थिति जनाएको *अस्मिता*ले उदारवादी नारीवादको धारलाई बलियो गरी समातेको छ । पत्रिकामै प्रकाशित सामग्रीहरूको अध्ययनबाट गरिएको विश्लेषणका आधारमा नेपाली महिला आन्दोलनको धारमा उदारवादी नारीवादको प्रमुख मुद्दालाई लिएर *अस्मिता* प्रकाशन भएको पाइयो । कानुनी, राजनीतिक र लैंगिक आधारमा हुने भेदभावको अन्त्यका लागि आवाज भरिएका सामग्रीहरूले यसको पुष्टि गर्न सहयोग गरेका छन् । विभिन्न समयमा जारी गरिएका र भिन्न-भिन्न समयमा संशोधन गरिएका महिलासम्बन्धी कानुनको विश्लेषण, सम्पत्तिमा समान अधिकारबारे अदालतमा भएका फैसला, कानुन व्यवसायी र न्यायाधीशहरूको अन्तर्वार्ता प्रकाशनलाई *अस्मिता*ले गरेको कानुनी अधिकारको लडाइँको स्वरूप हो भन्न सकिन्छ । सांस्कृतिक उत्पीडनका सन्दर्भमा विभिन्न चाडपर्व, प्रचलित प्रथा र धर्म नै महिलालाई पीडा दिने कारकका रूपमा *अस्मिता*ले खुट्ट्याएको छ । महिलाको परिस्थिति निर्धारकमध्येको एक राज्यको विभेदकारी कानुनले महिलाहरू झन् पीडित र अपहेलित बन्नुपरेको मनन गर्दै *अस्मिता*ले कानुनमा समानता, अधिकार प्रयोगमा सहजता, प्रजननका अधिकारजस्ता मुद्दालाई जोडदार ढंगले उठाएको छ । पत्रिकाले जबर्जस्ती मेटाइन लागेका महिलाहरूको आन्दोलनलाई पुनःस्थापित गर्न पनि खोजेको छ । *अस्मिता*ले आफूले उठाएका मुद्दा समाजमा स्थापित भएका कारण एक हदसम्म त सफल भएको छ, तर पत्रिकाले महिलाभित्रको पनि वर्गको कुरालाई उठान गरेको छैन । समाजको आर्थिक संरचनाका

कारण महिलाहरू पीडित छन् भन्ने कुरा उठाएको छैन । *अस्मिता*ले सबै महिला एकै खालका भन्ने मान्यतालाई बारम्बार प्रस्तुत गरिरहेको छ, जुन उदारवादी नारीवादको मुख्य स्वरूप हो ।

सम्पत्तिमा महिलाको समान अधिकार, गर्भपतनमा कानुनी मान्यताको सन्दर्भमा सम्बन्धित निकायको ध्यानाकर्षणका लागि कानुनको आलोचनात्मक विश्लेषण, सुझाव र दबाब दिने काम *अस्मिता*ले गरेको छ । धर्म र संस्कारका नाममा महिलामाथि हुने हिंसा र उत्पीडनका स्वरूपहरू पनि खुट्याएको छ, आलोचना गरेको छ र सुझाव पनि पेस गरेको छ । उद्देश्यअनुरूप सकारात्मक विभेदको पक्षधरता, विषयवस्तुमा कानुनी लडाइँ र सुधारात्मक अपेक्षाका कारण पनि *अस्मिता*ले वहन गरेको नारीवादी धार उदारवाद नै हो भन्ने प्रशस्त बल पुगेको छ । नेपालको महिला आन्दोलनको उदारवादी पक्षलाई *अस्मिता*ले गतिलो गरी पक्डेको छ ।

धन्यवाद

यो लेखको सुरुको मस्यौदा पढेर टिप्पणी तथा सुझाव दिने पुस्तकका सम्पादकहरू, सेरा तामाङ र तीर्थ विष्टप्रति आभारी छु । मार्टिन चौतारी तथा काठमाडौँ विश्वविद्यालय, भाषा तथा आमसञ्चार विभागद्वारा २०६९ भदौ २५ मा आयोजित 'मिडिया अनुसन्धान कार्यशाला'मा यसै लेखको मस्यौदामाथि टिप्पणी गर्ने एकप्रसाद दुवाडी र प्रश्न गर्ने तथा सुझाव दिने सबै सहभागीहरूलाई पनि धन्यवाद छ ।

सन्दर्भ सामग्री

अरुण्गा । २०४५ । गर्भपातलाई कानुनी मान्यता चाहिन्छ । *अस्मिता* १(३) : ४२ ।

अस्मिता । २०४९ । अस्मिताको आवाज (सम्पादकीय) । ५(१३) : ५ ।

अस्मिता । २०६५ । सम्पादकीय । २०(६६) : पृष्ठ उल्लेख नभएको ।

आचार्य, तिलक । २०५२ । छोरीले पैतृक सम्पत्तिमा समान अधिकार पाइन् । *अस्मिता* ८(४०) : ७ ।

आचार्य, मीना । २०४७ । महिलालाई समान अधिकार किन ? *अस्मिता* ३(९) : १५–१६ ।

आचार्य, मीना । २०४९ । नारी मर्यादा र महत्ताका क्रममा लिंग : प्राकृतिक (sex) र सामाजिक (gender) । *अस्मिता* ५(१३) : २२–२५ ।

आचार्य, मीना । २०६८ । *नेपालको महिला आन्दोलनका परिवर्तित सन्दर्भ : एक विवेचना* । काठमाडौँ : टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठान र सहभागी ।

उप्रेती, अरुण्गा । २०४७ । गर्भपात समस्या र समाधान । *अस्मिता* ३(८) : १८–२१ ।

उप्रेती, अरुण्गा । २०५८ । असुरक्षित गर्भपतन : उच्च मातृमृत्युदरको मूल कारण । *अस्मिता* १४(६५) : २७–३१ ।

कक्कड, विना । २०४७ । शीर्षक नभएको । *अस्मिता* ३(८) : २० ।

गौतम, राजेश । २०४९ । देउकीहरूको देशमा । *अस्मिता* ५(१५) : २१–२५ ।

तामाङ, सेरा । सन् २००४ । नेपालमा विकासे नारीवाद । *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* । मेरी डेशेन र प्रत्यूष वन्त, सं., पृ. ५२२-५५७ । ललितपुर : सोसल साइन्स वहाः ।

तुम्बाहाङ्फे, शिवमाया । २०५९ । *नेपालमा महिला आन्दोलन (२००४–२०४६)* । काठमाडौँ : अखिल नेपाल महिला संघ, नेपाल ।

तुलाधर, इन्दु । २०५६ । नेपालको कानुन प्रणाली : एक कदम अगाडि दुई कदम पछाडि, कानुनी सुधारहरूबाट महिलाहरूले के पाए, के गुमाए ? *अस्मिता* १२(५०) : ५१–५९ ।

त्रिपाठी, सुधा । सन् २०१२क । नेपालमा नारी जागरणको नारीवादी चेतनाको विकास । *नारीवादी सौन्दर्य चिन्तन, पृ.* १५९–१९० । काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स् ।

त्रिपाठी, सुधा । सन् २०१२ख । पाश्चात्य नारीवादी समालोचनाका प्रमुख सिद्धान्तहरू । *नारीवादी सौन्दर्य चिन्तन, पृ.* ६५–१५८ । काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स् ।

थापा, मञ्जु । २०५१ । चुनावी घोषणापत्रहरू : महिलालाई आर्थिक समानता दिने प्रश्नमा मौन । *अस्मिता* ७(२९) : २५–२७ ।

थापा, मञ्जु । २०५६ । तपाईं छोरीलाई पैतृक सम्पत्तिको अधिकार दिने पक्षमा हुनुहुन्छ कि विपक्षमा ? *अस्मिता* १२(५३) : १० ।

थापा, मञ्जु । २०६५ । नेपाली महिला आन्दोलनमा *अस्मिता* । *अस्मिता* २०(६६) : ४–१६ ।

पन्त, सरोज । २०५३ । सम्पत्तिमा समान अधिकार आलोचना र आपत्तिहरूको उत्तर । *अस्मिता* ९(४३) : ९–१७ ।

प्रधान, विना र सिलु सिंह । २०४५ । अन्तर्वार्ता (शीर्षक उल्लेख नभएको) । *अस्मिता* १(१) : ४५–५० ।

प्रश्रित, मोदनाथ । २०४९ । विभिन्न धर्महरूमा नारीप्रतिको दृष्टिकोण । *अस्मिता* ५(१५) : ८–१० ।

बस्नेत, पूर्ण । २०६० । वैकल्पिक पत्रिका : व्यवसायिकता र आत्मनिर्भरताको चुनौती । *मिडिया उत्पादन र अन्तर्वस्तु* । रमेश पराजुली र प्रत्यूष वन्त, सं., पृ. २३-५६ । काठमाडौँ : मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र ।

भट्टराई, बाबुराम । २०६३ [२०५३] । पैतृक सम्पत्तिमाथि महिलाहरूको समान अधिकारको प्रश्न । *राजनैतिक अर्थशास्त्रको आँखीझ्यालबाट,* पृ. २५८-२६६ । काठमाडौँ : जनध्वनि प्रकाशन ।

भण्डारी, लेखनाथ । २०५७ । ती पहिलो विद्रोहिणी योगमाया । *अस्मिता* १३(५७) : ३४–३९ ।

माथेमा, सत्यभामा । २०४५ । समानताको प्रश्नलाई हेर्ने हो भने कानुनमा मैले समानता देखिन । *अस्मिता* १(३) : १५-१८/३६ ।

मास्के, सुसन । २०४९ । गर्भपात । *अस्मिता* ५(१४) : पृ. उल्लेख नभएको ।

मास्के, सुसन र अञ्जु क्षेत्री । २०५३ । परिवर्तनका सङ्घारमा झुमा प्रथा । *अस्मिता* ९(४२) : १४–१७ ।

राणा, इन्दिरा । २०५७ । महिला अधिकार मानव अधिकार हो । *अस्मिता* १३(५७) : २५ ।

श्रेष्ठ, इन्दिरा । २०४७ । गर्भपातबारे डाक्टरको विचार । *अस्मिता* ३(८) : २० ।

श्रेष्ठ, सुधा । २०४९ । तीजको रहर आयो बरी लै...। *अस्मिता* ५(१५) : १८–१९ ।

सिंह, शिलु । २०४५ । अन्तर्वार्ता (शीर्षक उल्लेख नभएको) । *अस्मिता* १(१) : ४५–५० ।

सुमा । २०४६ । एक अवकाश प्राप्त कुमारीको जीवन आज कस्तो छ ? *अस्मिता* २(४/५) : ४६ ।

सुसन/अन्जु । २०५१ । बाङ्गाटिङ्गा बाटा र सम्झनाहरू । *अस्मिता* ७(२५) : ५४–५७ ।